# फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिका बैठक

आ.व. २०८१/८२ को बैठक संख्याः ६

मिति २०८१/०८/१२

फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिकाका अध्यक्ष श्री बृज हाङ आङदेम्बेज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसि देहाय अनुसार निर्णयहरु गरियो।

तपसिलः

| | |
|---|---|
| श्री बृज हाङ आङदेम्बे, अध्यक्ष | अध्यक्ष |
| श्री ठाकुर सिं नेम्बाङ, उपाध्यक्ष | सदस्य |
| श्री होम प्रसाद आङ्देम्बे, वडा अध्यक्ष | सदस्य |
| श्री सन्तोष कुमार नेम्बाङ, वडा अध्यक्ष | सदस्य |
| श्री दल बहादुर नेम्बाङ, वडा अध्यक्ष | सदस्य |
| श्री विष्णु कुमार चेम्जोङ, वडा अध्यक्ष | सदस्य |
| श्री नारायण प्रसाद आङदेम्बे, वडा अध्यक्ष | सदस्य |
| श्री देउ कुमार आङदेम्बे, वडा अध्यक्ष | सदस्य |
| श्री धन कुमार तामाङ, का. वा. वडा अध्यक्ष | सदस्य |
| श्री विमला लिम्बू | सदस्य |
| श्री आइतमायाँ लिम्बू | सदस्य |
| श्री कमला पराजुली दुलाल | सदस्य |
| श्री हर्कमायाँ नेपाली | सदस्य |
| श्री टंक परियार | सदस्य |
| श्री जसिमायाँ कमिनी | सदस्य |
| श्री देवी तुम्बापो, प्रमुख प्रशासकीय अधिकृत | सचिव |

| | |
|---|---|
| प्रस्ताव नं.१. | अघिल्लो कार्यपालिकाको निर्णय कार्यान्वयन समिक्षा सम्बन्धमा। |
| निर्णय नं.१. | अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन उपर छलफल गरियो। कार्यान्वयन सन्तोषजनक रहेको पाइयो। कार्यान्वयन गर्न बाकि रहेका निर्णयहरु कार्यान्वयनका लागि सबैजना तत्परताका साथ लाग्ने निर्णय गरियो। |
| प्रस्ताव नं.२. | २०८१ कार्तिक ९-१२ सम्मको अविरल वर्षा बाट विपतमा परेका परिवारलाई राहत सम्बन्धमा। |
| निर्णय नं.२. | मिति २०८१/०६/०९ गते देखि १२/१३ गतेसम्म परेको अविरल बर्षाका कारण फाल्गुनन्द गाउँपालिकामा क्षती भएका परिवारलाई स्थलगत सर्जिमिन प्रहरी मुचुल्का गर्दा रु. २ लाख सम्म क्षती भएको परिवारलाई रु. ५ हजार, २ देखि ५ लाख सम्म क्षती भएको परिवारलाई रु. १० हजार, ५ लाख देखि माथि क्षती भएको परिवारलाई १५ हजार राहत गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट राहत उपलब्ध गराउने निर्णय पारित गरियो । |
| प्रस्ताव नं.३. | आ.व.२०८१।०८२ को योजना सम्झौता सम्बन्धमा। |
| निर्णय नं.३. | आ. व. २०८१/०८२ मा सञ्चालन हुने योजना तथा कार्यक्रमको सम्झौता शिविर देहाय वमोजिम सञ्चालन गर्ने निर्णय पारित गरियो ।<br>देहायः<br>वडा नं.- १, मंसीर २४ गते<br>वडा नं.-२, मंसीर २४ गते<br>वडा नं.-३, मंसीर २३ गते<br>वडा नं.-४ मंसीर २७ गते<br>वडा नं.-५, मंसीर २६ गते<br>वडा नं.-६, मंसीर १९ गते<br>वडा नं.-७, मंसीर २५ गते |
| प्रस्ताव नं.४. | गाउँपालिकामा सञ्चालित विभिन्न खेलकुद कार्यक्रममा सहयोग गर्ने सम्वन्धमा। |
| निर्णय नं.४. | फाल्गुनन्द गाउँपालिका भित्र र अन्य क्षेत्रमा सञ्चालन भएको खेलकुद आयोजनामा सहभागी भएका देहाय वमोजिम टिम तथा क्लवलाई खेलकुद सहायता खर्च शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय पारित गरियो ।<br>देहायः-<br>१. टुस्टार ग्रामीण सिर्जनसील युवा क्लव, फाल्गुनन्द-२, रु. ५०,०००।००<br>२. सुनाखरी युथ क्लव, फाल्गुनन्द-३, रु. ३५,०००।००<br>३. सातौं तरुण गोल्डकप मा सहभागी फाल्गुनन्द टिमलाई रु. ५०,०००।०० |
| प्रस्ताव नं.५. | स्वाश्थ्य विमा कार्यक्रम गर्ने सम्वन्धमा। |
| निर्णय नं.५. | यस फाल्गुनन्द गाउँपालिकामा लागु भएको स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विमा अभिकर्ता नभएको वडामा अभिकर्ता नियुक्त गरी प्रत्येक वडामा २० जनाका दरले आ. व. २०८१/०८२ मा गरीव तथा अति विपन्न परिवारलाई समेटी विमा गर्ने निर्णय पारित गरियो । |
| प्रस्ताव नं.६. | पदमार्गमा आधारित पर्यटन विकास (फाल्गुनन्द पदमार्ग) सम्वन्धमा। |
| निर्णय नं.६. | फाल्गुनन्द पदमार्गको लागि गाउँपालिकाको तर्फबाट नियमानुसार समपुरक कोषवाट साझेदारी गर्ने निर्णय पारित गरियो । |
| स्ताव नं.७. | प्रधानमनत्री रोजगारमुलक आयोजनाको रकम बाँडफाँड सम्वन्धमा। |
| र्णय नं.७. | आर्थिक वर्ष २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रमको वजेट यस स्थानीय तहमा सशर्त अनुदान वित्तिय हस्ताण्तरण मार्फत प्राप्त भएको हुँदा आयोजनाको निर्देशिका वजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन वमोजिम दफा ७० अन्तर्गतका पूर्वाधार निर्माण तथा मर्मत क्षेत्रलाई प्राथमिकता |

दिई निर्देशिकामा तोकएको ज्यालादर अनुसार रोजगारी उपलब्ध गराउन देहाय वमोजिम ७ वटै वडामा वजेट बाँडफाड गरी रोजगारमूलक आयोजना सञ्चालन गर्ने निर्णय पारित गरियो ।

देहायः

| क्र. स. | योजना तथा कार्यक्रम | कुल वजेट |
|---|---|---|
| १ | रोजगारी सिर्जनाको लागि लसुन खेति प्रवर्द्धन कार्यक्रम | ५०९,६०० |
| २ | वडा नं.-१ रोजगारमूलक आयोजना | ३३४,००० |
| ३ | वडा नं.-२ " | २००,४०० |
| ४ | वडा नं.-३ " | ३३४,००० |
| ५ | वडा नं.-४ " | २६७,२०० |
| ६ | वडा नं.-५ " | ३३४,००० |
| ७ | वडा नं.-६ " | २००,४०० |
| ८ | वडा नं.-७ " | २००,४०० |
| | कुल जम्मा रकम रु. | २,३८०,००० |

| | |
|---|---|
| प्रस्ताव नं.८. | नमुना विद्यालय भौतिक पूर्वाधार निर्माण गर्ने सम्बन्धमा। |
| निर्णय नं.८. | यस गाउँपालिकाको नमुना विद्यालय श्री सिद्धदेवी मावि नवमीडांडाको भौतिक पूर्वाधार निर्माण तर्फको ठेक्का गाउँपालिका द्धारा आब्हान गरी कार्यान्वयन गर्ने निर्णय पारित गरियो । |
| प्रस्ताव नं.९. | सुरक्षीत आप्रवासन कार्यक्रम (सामी) अन्तर्गत रिटर्नी स्वयसेवक नियुक्ती गर्ने सम्बन्धमा । |
| निर्णय नं.९. | यस गाउँपालिकामा कार्यान्वयन भईरहेको सुरक्षित आप्रवासन कार्यक्रम (सामी) अन्तर्गत फाल्गुनन्द १ र ६ मा रिटर्नी स्वयंसेवक नियुक्ती गरी लक्ष्य, उद्धेश्य वमोजिमको कार्यक्रम सञ्चालन गर्ने निर्णय पारित गरियो । |
| प्रस्ताव नं.१०. | फाल्गुनन्द प्रज्ञा प्रतिष्ठानको विद्दत सभाको अध्यक्ष मनोनयन गर्ने सम्बन्धमा । |
| निर्णय नं.१०. | फाल्गुनन्द प्रज्ञा प्रतिष्ठान ऐन, २०८१ वमोजिम विद्दत सभाको अध्यक्षमा फाल्गुनन्द गाउँपालिका वडा नं.-३ स्थाई ठेगानाका श्री मन कुमार लावती (समदर्शी कांईला) लाई मनोनयन गर्ने निर्णय पारित गरियो । |
| प्रस्ताव नं.११. | वर्थिङसेन्टर सञ्चालन भएका स्वाश्थ्य संस्थाहरूमा तालिम प्राप्त स्वास्थ्यकर्मी को व्यवस्थापान गर्ने सम्वन्धमा |
| निर्णय नं.११. | आवश्यक्ता र प्राथिमकताको आधारमा यस गाउँपालिकामा वर्थिङ सेन्टर सञ्चालन भएका स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीलाई SBA तालिममा पठाउने र तालिमको लागि आवश्यक वजेट गाउँपालिकाले व्यवस्थापन गर्ने निर्णय पारित गरियो । |
| प्रस्ताव नं.१२. | जस्तापाता खरिद सम्वन्धमा । |
| निर्णय नं.१२. | आ. व. २०८१/०८२ मा वडागत रुपमा जस्तापाता खरिदको लागि राखिएको वजेट एकिकृत गरी गाउँपालिकाद्धारा ठेक्का आब्हान गरी सार्वजनिक खरिद ऐन वमोजिम खरिद प्रकृया अगाडी वढाउने निर्णय पारित गरियो । |
| प्रस्ताव नं.१३. | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यस्थलमा सिपमुलक तालिम र जिवनउपयोगी तालिम सम्वन्धमा । |
| | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको वजेट तथा युवा रोजगारीको लागि रुपाणतरण पहल |

| | |
|---|---|
| | व्यवस्थापन) कार्यविधी, २०७९ संसोधित सहितको परिच्छेद ५ बमोजिम पचास दिनको सीप विकास तथा जीवन उपयोगी तालिम र बाँकी पचास दिन दफा २३ बमोजिमको रोजगार आयोजनामा खटाउनको लागि आयोजना व्यवस्थापन इकाईले उपलब्ध गराएको पाँच विषयका पाठ्यक्रम मध्येबाट देहायको तालिम छनौट गरी मार्गदर्शन तथा नमुना बोलपत्र कागजात समेतको आधारमा तालिम सञ्चालन गर्ने निर्णय पारित गरियो ।<br>देहायः<br>इलेक्ट्रोसियन र प्लम्बर |
| प्रस्ताव नं.१४. | NEPAL INTERNATIONAL ADR CENTER- NIAC को आयोजनामा मेलमिलाप तथा मध्यस्थता सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी सम्बन्धमा । |
| निर्णय नं.१४. | NEPAL INTERNATIONAL ADR CENTER- NIAC को आयोजनामा मिति २०८१/१०/२७ देखि ३० गते सम्म आयोजना हुने मेलमिलाप तथा मध्यस्थता सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा गाउँपालिका उपाध्यक्ष एवंम न्यायिक समिति संयोजक श्री ठाकुरसिं नेम्बाङ ज्यू सहभागी हुने निर्णय पारित गरियो । |
| प्रस्ताव नं.१५. | आर्थिक सहायता सम्बन्धमा । |
| निर्णय नं.१५. | फाल्गुनन्द गाउँपालिका वडा नं.-३ का वडा अध्यक्ष श्री सुखबीर नेम्बाङलाई प्राणघातक क्यान्सर रोग लागी लामो समययता उपचाररत भईरहेको हुँदा थप उपचार सहयोगको लागि रु. १ लाख रुपैंया आर्थिक सहायता रकम उपलब्ध गराउने निर्णय पारित गरियो । |
| प्रस्ताव नं. १६ | गाउँपालिका भित्र रहेको खोलाहरुमा माछा मार्ने प्रयोजनका लागी विषादि तथा विधुतिय उपकरण प्रयोग बन्द सम्बन्धमा । |
| निर्णय नं. १६ | गाउँपालिका भित्र रहेको खोलाहरुमा माछा मार्ने प्रयोजनका लागी विषादि तथा विधुतिय उपकरण प्रयोग कहि कतै गरेको पाईएमा जनहि रु ५०००/-अक्षरेपी दश हजार सम्म जरीवाना सहित कानुनी कार्वाही गर्ने निर्णय पारित गरीयो । |